**मिति २०८० साल साउन १२ र १३ गते माननीय मुख्यमन्त्री श्री राजकुमार शर्माको अध्यक्षतामा सम्पन्न भएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति समीक्षा कार्यक्रमबाट भएका निर्णयहरुः**

१. कर्णाली प्रदेश सरकारका सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालयको आ.व. २०७९/०८० को वार्षिक प्रगतिको सम्बन्धमा सम्बन्धित निकायबाट मन्त्रालय/निकायगत प्रस्तुतीकरण गरी सो सम्बन्धमा छलफल तथा समीक्षा भयो। निर्वाचन, अपर्याप्त कर्मचारी, राजनीतिक समिकरणमा भएको फेरबदल लगायतका समस्याहरु विद्यमान हुँदाहुँदै पनि अपेक्षाकृत प्रगति नभए तापनि सबैको कार्यसम्पादन प्रतिको प्रतिवद्धता तथा प्रयासबाट सन्तोषजनक उपलब्धि हासिल भएको छ।

२. प्रदेश सरकार अन्तर्गतका निकायले हासिल गरेका प्रमुख उपलब्धिहरुको विवरण तयार गरी नियमित रुपमा वेबसाइट लगायतका सार्वजनिक सञ्चार माध्यमबाट सार्वजनिकीकरण गर्ने।

३. मिति २०७९/१०/१७ गतेको ६१ बुँदे निर्देशन कार्यान्वयन कार्ययोजनालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

४. प्रत्येक मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालयले वार्षिक आयोजना तथा कार्यक्रमको अनुगमन कार्ययोजना बनाई अनुगमनलाई सघन रुपमा अगाडि बढाउने। यस सम्बन्धमा कर्णाली प्रदेश योजना आयोगले आवश्यक समन्वय गरी कर्णाली प्रदेश सरकारको एकीकृत अनुगमन कार्ययोजना बनाउने। त्यस्तो कार्ययोजना र सोको प्रगति विवरण नियमित रुपमा कर्णाली प्रदेश अनुगमन प्रणालीमा प्रविष्टि गर्ने/ गराउने।

५. प्रत्येक महिनाको कम्तीमा एकपटक मन्त्री र सचिवले जिल्लाहरुमा सञ्चालित योजना, कार्यक्रमको अनुगमन गर्ने। अनुगमनको मासिक प्रस्तुतीकरण मुख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयमा नियमित रुपमा गर्ने।

६. प्रदेश तथा स्थानीय तहका आयोजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाउने, दोहोरोपना हटाउने, सामञ्जस्यता कायम गर्ने र योजना प्रणालीमा सुधार गर्ने कार्यहरुका सम्बन्धमा आवश्यक अध्ययन गरी सुझाब दिन देहाय बमोजिमको समिति गठन गरी जिम्मेवारी दिने।यस समितिले आवश्यक अध्ययन गरी २ महिनाभित्र सोको प्रतिवेदन कर्णाली प्रदेश सरकारलाई बुझाउने।

| | |
|---|---|
| क. उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | -संयोजक |
| ख. सदस्य, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| ग. सचिव, सबै मन्त्रालय | -सदस्य |
| घ. सदस्य-सचिव, कर्णाली प्रदेश योजना आयोग | - सदस्य-सचिव |



(... कुमार शर्मा)

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(राज कुमार शर्मा)
मुख्यमन्त्री

७. कार्यक्रम कार्यान्वयनलाई नतिजामूलक र अपेक्षित बनाउन अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउने। विभिन्न निकायबीच कार्यक्रमहरुमा रहेको दोहोरोपनाको सम्बन्धमा छलफल तथा परामर्श गरी कार्यजिम्मेवारी तथा प्रभावकारिता समेतका आधारमा जो काम जुन निकायबाट कार्यान्वयन गर्दा उपयुक्त हुन्छ सोही बमोजिम कार्यान्वयन गर्ने।

८. सबै मन्त्रालयले प्रदेश विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट निर्णय गर्नुपर्ने विषयको विवरण तयारी गरी सम्वत् २०८० साउन समान्तभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

९. कर्णाली प्रदेश विशेष कार्यक्रमहरु जस्तैः मुख्यमन्त्री रोजगार कार्यक्रम, जिविकोपार्जन कार्यक्रम, एकीकृत बस्ती विकास कार्यक्रम, कर्णाली उज्यालो कार्यक्रम, मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम, बैङ्क खाता छोरीको सुरक्षा जीवनभरीको कार्यक्रमको कार्यान्वयन अवस्था, लाभग्राहीको विवरण, आगामी रणनीति लगायतका सम्बन्धमा विषयगत मन्त्रालयले हालसम्मको प्रगति विवरण तयार गरी मिति २०८० साउन २५ गते निर्देशक समितिको बैठकमा प्रस्तुतीकरण गर्ने।

१०. मन्त्रालयले कानून बमोजिम गर्नुपर्ने कार्य जस्तैः आफ्नो निकायलाई विपक्षी बनाइ विभिन्न अदालतमा दायर भएका मुद्धामा यथाशिघ्र मुख्यन्यायाधिवक्ताको कार्यालसँग समन्वय गरी मागेको लिखित जवाफ/ आवश्यक प्रमाण तथा कागजातहरु तयारी अवस्थामा राख्ने। नागरिक वडापत्र, स्वतः प्रकाशन जस्ता कार्यहरु अनिवार्य रुपमा गर्ने। यसको अनुगमन सम्बन्धित विषयगत मन्त्रालयले गर्ने।

११. कर्मचारीको पदपूर्ति र रिक्त विवरण पठाउने, आयोजनाको अस्थायी दरबन्दी स्वीकृत गराउने, रिक्त प्राविधिक पदमा आवश्यकतानुसार करारमा समेत जनशक्ति व्यवस्था गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउने।

१२. सबै मन्त्रालय/ सचिवालय/ आयोग/ कार्यालयले आफ्नो र मातहत निकाय समेतको सहभागीतामा बेरुजु फछ्यौंट सम्बन्धी गोष्ठी गरेर मासिक लक्ष्य तोकी फछ्यौंटको मासिक प्रगति समिक्षा गर्ने। ८० प्रतिशत बेरुजु फछ्यौंट गर्ने निकाय र कर्मचारीलाई पुरष्कृत गर्ने व्यवस्था मिलाउने।

१३. हालसम्मको कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाइ समेतका आधारमा अनुकरणीय, असफल तथा अधुरा योजना र कार्यक्रम पहिचान गरी सोको विवरण तयार गर्ने। असफल, न्यून प्रगति भएका र रुग्ण आयोजनाको कार्यान्वयनलाई तीव्रता दिने। रुग्ण आयोजनाको विवरण र सोको कारण पठाउने उल्लेख गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

(राज कुमार शर्मा)
मुख्यमन्त्री

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(राज कुमार शर्मा)
मुख्यमन्त्री

१४. विकास साझेदारहरुसँग नियमित बैठक/छलफल गरी उनिहरुको कार्यक्रमलाई प्रदेशको प्राथमिकताको क्षेत्रमा साझेदारी र सहकार्य बढाउने ।

१५. कार्यालयमा रहेका लिलाम गर्नुपर्ने जिन्सी मालसामानको लिलाम प्रकृयालाई सम्वत् २०८० श्रावण महिनाभित्र शुरु गर्ने।

१६. आर्थिक वर्ष २०८०/ ०८१ को नीति तथा कार्यक्रम र बजेटको सन्दर्भमा नीतिको उद्देश्य अनुरुप योजनाको मिलान सही ढङ्गले नहुँदा देखापरेका समस्याहरुलाई कार्यान्वयनमा आवश्यक सम्बोधन गर्ने गरी कार्यसम्पादन गर्ने।

१७. चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनलाई अपेक्षित र उपलब्धिमूलक बनाउन सबै मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालयले सम्वत् २०८० साल साउन १५ गतेभित्र वार्षिक कार्यक्रम कार्यान्वयन योजना तयार गरी सो कार्ययोजना बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने। सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कर्णाली प्रदेश योजना आयोगमा पठाउने। सो कार्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक समन्वय र सहजीकरण गर्ने। वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना आयोजना सूचना प्रणाली तथा कर्णाली प्रदेश अनुगमन प्रणालीमा प्रविष्टि गर्ने।

१८. योजनाको विस्तृत परियोजना प्रतिवेदन, लागत अनुमान, ठेक्का आह्वान लगायतको कार्य सम्वत् २०८० साल असोज मसान्तभित्र सम्पन्न गर्ने।

१९. कर्णाली प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनका लागि तर्जुमा गर्नुपर्ने विधयेकको मस्यौदा, नीति/ मापदण्ड/ कार्यविधि/ निर्देशिका लगायतका कानूनहरु सम्वत् २०८० भाद्र १५ गतेभित्र तर्जुमा गरिसक्ने।

२०. मुख्यमन्त्री र मन्त्री, मन्त्री र सचिव, सचिव र महाशाखा प्रमुख र महाशाखा प्रमुख र अन्य कर्मचारीबीच सम्वत् २०८० साल साउन २१ गतेभित्र सूचकमा आधारित कार्यसम्पादन करार गर्ने। कार्यसम्पादन करार बमोजिमको मूल्याङ्कनलाई कार्यसम्पादन मूल्याङ्कन, पुरस्कार, स्वदेशी तथा वैदेशिक अध्ययन भ्रमण लगायतका व्यवस्थासँग अन्तरआवद्धता गर्ने। यस कार्यको आवश्यक समन्वय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने।

२१. कर्णाली समृद्धि परियोजनालाई अघि बढाउन स्वरोजगार सृजना हुने योजना/ कार्यक्रमको कार्ययोजना, कार्यविधि निर्माण गरि कार्यक्रम अघि बढाउने।

(राज कुमार शर्मा)
मुख्यमन्त्री